आज मिति २०७८/०१/११ गते दिनको ११:०० बजे यस गाउँपालिकाका कार्यबाहक अध्यक्ष श्री मसुद्र अहमद शाह ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न उपस्थितिमा निम्न निर्णयहरु गरियो ।

| हस्ताक्षर | पदाधिकारीको नाम | पद | गा.पा/वडा |
|---|---|---|---|
| | श्री मसुद्र अहमद शाह | कार्यबाहक अध्यक्ष | नरैनापुर गा.पा. |
| | श्री मोल्हे बेहना शेष | वडाध्यक्ष | १ नं.वडा |
| | श्री दिनेश प्रसाद शर्मा | वडाध्यक्ष | ४ नं. वडा |
| | श्री कृष्ण चन्द्र मौर्य | वडाध्यक्ष | ५ नं. वडा |
| | श्री अनारा पासिन | कार्यपालिका सदस्य | १ नं. वडा |
| फातिमा | श्री फातिमा पठानिन | कार्यपालिका सदस्य | २ नं. वडा |
| पुष्पा | श्री पुष्पा कुमारी रैदास | कार्यपालिका सदस्य | २ नं. वडा |
| नियामुल | श्री नियामुल पठानिन | कार्यपालिका सदस्य | ४ नं. वडा |
| | श्री विजय कुमार यादव | सचिव, नि.प्रमुख प्रशासकीय अधिकृत | नरैनापुर गाउँकार्यपालिका को कार्यालय, बाँके |

प्रस्तावहरु:

१. कोभिड १९ बाट संक्रमित यस गाउँपालिकाका कर्मचारी तथा प्रतिनिधि हरुलाई स्वास्थ्य लाभको कामना ।

२.कोभिड १९ को कारण वडा कार्यालयको सेवा तत्कालका लागि रोक्ने सम्बन्धमा ।

३.कोभिड १९ को Pandemic रोकथाम, नियन्त्रण तथा उपचारमा स्वास्थ्य कर्मचारी खटाउने तथा Isolation सम्बन्धमा ।

४. कोभिड १९ को Pandemic रोकथाम, नियन्त्रण तथा उपचारमा प्रयोग हुने स्वास्थ्य सामाग्री, उपकरण सम्बन्धमा ।

५. कोभिड १९ को Pandemic रोकथाम, नियन्त्रण, उपचार तथा Contract tracing,Health Desk मा राख्ने मेडिकल अधिकृत ,हे.अ., स्टाफ नर्स, अ.न.मी. , एम्बुलेन्स चालक, का.स., स्वीपरलाई जस्ता जनशक्ति परिचालन तथा सेवा सुबिधा सम्बन्धमा ।

६.आइसोलेसन मा रहेका विरामी र स्वास्थ्य प्राविधिकको खाना तथा बासस्थान सम्बन्धमा ।

७.कोभिड १९ को Pandemic रोकथाम नियन्त्रण तथा उपचार तथा स्वास्थ्य सामग्री, उपकरण , औषधी लगायतका सामग्री खरिद , सेवा सुबिधा उपलब्ध गराउन आवश्यक श्रोत व्यवस्थापन सम्बन्धमा ।

८. सिकिस्त बिरामीलाई थप उपचारको लागि जिल्ला अस्पताललाई अनुरोध गर्ने सम्बन्धमा ।

९. सुरक्षाकर्मी , स्वास्थ्यकर्मी , बिरामी सबैलाई मास्क, सेनिटाईजर उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा मिति २०७८/०१/०९ र २०७८/०१/१० गते **Antigen** परिक्षण गर्दा कोभिड १९ पोजिटिभ देखिएका त यस गाउँपालिकाका कर्मचारी तथा प्रतिनिधि हरुलाई स्वास्थ्य लाभको कामना गर्ने निर्णय गरियो ।

निर्णय नं.२. : प्रस्ताव नं. २ माथि व्यापक छलफल तथा विमोचन गर्दा कोभिड्को कारणले वडाध्यक्ष र कर्मचारी सहित ८ जना संक्रमित भएका र सो को कारण contact tracing र Isolation मा रहेका बिरामीलाई उपचार तथा निगरानीमा राख्नु पर्ने भएकाले मिति २०७८/०१/१२ गते देखि २०७८/०१/२१ गते सम्म वडाबाट दिने अति आवश्यक सेवा अनि स्वास्थ्य सेवा बाहेक दिईने सम्पूर्ण सेवा हरु तत्काल रोक्ने र सो सम्बन्धमा जिल्ला संकट व्यवस्थापन समिति , प्रदेश सरकार र सङ्घीय नेपाल सरकारलाई जानकारी गराउने निर्णय गरियो ।

वडामा रहेका कर्मचारीहरुमा जतिबेला पनि खट्नु पर्ने अवस्था भएकाले प्रत्येक दिन आफ्नो कार्यालय प्रमुखको निरन्तर संचारमा रहने व्यवस्था मिलाउने ।

निर्णय नं. ३ : कोभिड १९ को Pandemic रोकथाम, नियन्त्रण तथा उपचार कार्यलाई व्यवस्थित , भरपर्दो र प्रभावकारी बनाउन नरैनापुर गाउँपालिका बाँकेको प्राथमिक स्वास्थ्य केन्द्र लक्ष्मणपुरमा रहेको कोभिड १९ अस्थायी अस्पतालमा मिति २०७८/०१/०९ र २०७८/०१/१० गते गरिएको Anti-gin परिक्षणमा पोजिटिभ देखिएका ७ पुरुष १ महिला सहित ८ जनालाई कोभिड (अस्थायी ) अस्पताल लक्ष्मणपुरमा राख्ने र निजहरुको निगरानी तथा उपचारका लागि डा. सुर्य प्रकाश शाह को नेतृत्वमा समय तालिका बनाइ स्पष्ट तथा प्राविधिक खटाउने र नियमित रेखदेख स्वास्थ्य प्राविधिक बाट गराउने , अन्य मेडिकल अधिकृतको सल्लाह र व्यवस्थाका आधारमा गर्ने निर्णय गरियो ।

निर्णय नं.४ : कोभिड १९ को कारणबाट सिर्जना भएका समस्या , आवश्यक औषधी, स्वास्थ्य सावधानीका शर्तहरु, सेवाहरु र सामाग्री तथा औषधी, उपकरण, व्यवस्थापन समबन्धमा तपशिल बमोजिम गर्ने ।

तपसिल :

१. नरैनापुर गा.पा. बाँकेको सुइया, घरदौरिया र हुलाशपुर्वामा ३ वटा **Health Desk** आएका र अरु **Health Desk** हरुलाई निरन्तरता दिई छिमेकी मुलुक भारत बाट आएका नेपालीहरुको अभिलेख राख्ने र तुरुन्त शंका , लक्षण भएका व्यक्तिहरुको **Antigen** परिक्षण गर्ने, गराउने/ यसरी परिक्षणमा संक्रमित

देखिएमा आइसोलेसनमा राखे र त्यसरी होम आइसोलेसन बसाउनु परेमा स्वास्थ्य प्राविधिकको सल्लाह र सङ्घीय सरकारको निर्णयानुसार गर्ने ।

२.रोकथाम, उपचार र स्वास्थ्य सावधानीका लागि आवश्यक पर्ने सामग्री, औषधी,उपकरणमा अक्सिजन सिलिन्डर-१० (दश ), वेड सेट -२५ (पच्चीस) थान समेत सामग्री विपद व्यवस्थापन कोष रकमबाट खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : कोभिड १९ को Pandemic रोकथाम, नियन्त्रण, उपचारमा खट्ने जनशक्ति परिचालन तथा सेवा सुबिधा सम्बन्धमा निम्नानुसार गर्ने

क).Isolation/Contact tracing/ Health Desk मा खट्ने जनशक्ति मेडिकल अधिकृत राखेमा प्रतिदिन रु.१३००/-

ख).HA/Staff Nurse / सि.अ.हे.व. अधिकृत छैठों राखेमा प्रति दिन रु. ११००/-

ग) HA/Staff Nurse / सि.अ.हे.व. पाँचौ राखेमा प्रति दिन रु. ९००/-

घ) अ.हे.व./अ.न.मी.- ८००/-

ङ) चालक/का.स. -५००/-

pandemic को समयमा सबै सेवा बन्द भई स्वास्थ्य सेवा मात्र संचालन गर्ने स्वास्थ्यकर्मी/ कर्मचारीलाई दिइने सेवा सुबिधा –

क) मेडिकल अधिकृत -६५०/-

ख) अधिकृत छैठो -५५०/-

ग ) स्वास्थ्य सहायक पाँचौ – ४५०/-

घ) स्वास्थ्य सहायक चौथो -४००/-

ङ) चालक/का.स. -२५०/-

निर्णय नं. ६ : Pandemic रोकथाम का लागी खट्ने स्वास्थ्य प्राविधिकका लागि आवश्यक खानाको लागि दैनिक अधिकतम रु ६००/- प्रति दिन खर्च गर्न सकिनेछ । बिरामी र स्वास्थ्य प्राविधिक लाई दिनमा २ पटक नास्ता र २ पटक खाना वापत खर्च गर्न सकिनेछ भन्ने निर्णय गरियो ।

आइसोलेसन खट्ने स्वास्थ्य प्राविधिकलाई आइसोलेसनका बिरामीलाई खाना पकाई खाना खुवाउनाको लागि २ जना भान्से राखे र भान्से लाई खाना पकाउने र खुवाउने र खाद्द व्यवस्थापन जम्मा गर्ने वापत प्रति दिन प्रतिव्यक्ति रु. ८००/- ज्याला दिइने ।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. ०७७/०७८ को छोरी बिमा कार्यक्रम शीर्षकमा रकम बिनियोजन गरिएकोमा सो सम्बन्धमा यस कार्यालयबाट मिति २०७७/०९/०९ गते जारि गरिएको र सो अवस्थामा पर्न आएका प्रस्तावपत्र हरुमा मुल्यांकन समितिले विविध कारण जनाई मुल्यांकनमा टुंगो लगाउन नसकेको हुँदा सो सुचना लगायतको सम्पूर्ण प्रकृया रद्द गरि सो रकम यस कार्यालयको विपद व्यवस्थापन खाता नं.०७४०४८८०८७७०३००५ मा राखी कोभिड १९ को नियन्त्रण , रोकथाम लगायतका कार्यमा उपयोग गर्ने र छोरी बिमा कार्यक्रमको प्रक्रिया रद्द गरिएको सुचना समेत जारि गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नरैनापुर गाउँपालिकाको कोभिड १९ अस्थायी हस्पिटलमा पोजिटिभ देखिएका बिरामीहरुको अवस्था गम्भीर भएमा,सिकिस्त भएमा थप उपचारको लागि जिल्ला अस्पताल वा डी .सी.एम.सी. मा थप उपचारका लागि अनुरोध गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ : माथि छलफल गर्दा कोभिड -१९ को महामारीमा खट्ने सुरक्षाकर्मी , स्वास्थ्यकर्मी तथा संक्रमित बिरामी सबैलाई मास्क, सेनिटाईजर उपलब्ध गराउने निर्णय गरियो ।

पुष्पा फातिमा